राष्ट्र र जनताप्रति प्रतिबद्ध

महोत्तरी जिल्लाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# द पब्लिक टुडे

The Public Today National Daily

राष्ट्रिय दैनिक

वर्ष १३ | अंक २०० | २०८२ चैत्र २१ गते शनिवार | (Saturday, 4 April, 2026) | पृष्ठ ४ | मुल्य रु. ५

### व्यवसायी रिझाउन उत्तम प्यानलको १५ बुँदे प्रतिबद्धता

# बर्दिबासमा रात्रिबजार लगाउनेदेखि औद्योगिक ग्राम स्थापनासम्म

**द पब्लिक टुडे समाचारदाता**

*जनकपुरधाम, चैत्र २० गते ।*



महोत्तरीस्थित बर्दिबास उद्योग वाणिज्य संघको आगामी निर्वाचनलाई लक्षित गर्दै उम्मेदवारहरू चुनावी प्रतिस्पर्धामा सक्रिय भएका छन् । यही चैत २४ गते मंगलबार हुने निर्वाचनका लागि दिपक कार्की र उत्तमकुमार श्रेष्ठ नेतृत्वका दुई छुट्टाछुट्टै प्यानल मैदानमा उत्रिएका छन् ।

यसैक्रममा शुक्रबार उत्तमकुमार श्रेष्ठ नेतृत्वको प्यानलले १५ बुँदे चुनावी प्रतिबद्धतापत्र सार्वजनिक गरेको छ । सार्वजनिक प्रतिबद्धतामा व्यवसायीका समस्या समाधान, आर्थिक चलायमानता वृद्धि तथा बर्दिबासको समग्र व्यावसायिक विकासलाई प्राथमिकतामा राखिएको उल्लेख गरिएको छ ।

प्रतिबद्धतापत्र सार्वजनिक गर्दै अध्यक्षका उम्मेदवार उत्तमकुमार श्रेष्ठले पदप्राप्तिभन्दा पनि काम गरेर देखाउने उद्देश्यले नेतृत्व लिन चाहेको बताए ।

'पदको इच्छा भन्दा पनि दृढता र क्षमताको आधारमा काम गरेर देखाउने हाम्रो चाहना हो,' उनले भने 'हामी धेरै ठूला वाचा गर्दैनौं, तर इमान्दारिता, पारदर्शिता र सबै व्यवसायीको समान हकहितका लागि काम गर्ने प्रतिबद्धता व्यक्त गर्छौं ।'

उनले पदका लागि नभई कामका लागि नेतृत्व लिन चाहेको उल्लेख गर्दै संघलाई सबै व्यवसायीको साझा घरका रूपमा अघि बढाउने विश्वास व्यक्त गरे । 'संघ सबैको साझा घर हो र हामी सबैको साझा नेतृत्व गर्छौं भन्ने दृढ विश्वासका साथ हाम्रो प्यानल अघि बढेको छ,' श्रेष्ठले भने ।

उनले आफ्नो प्रतिबद्धतामार्फत बर्दिबासको व्यापार, उद्योग र समग्र आर्थिक गतिविधिलाई दीर्घकालीन रूपमा सुदृढ बनाउने लक्ष्य लिएको बताए ।

श्रेष्ठ नेतृत्वको प्यानलले उद्योगी व्यवसायीहरूका लागि बैंक तथा वित्तीय संस्थासँग समन्वय गरी सहुलियतपूर्ण कर्जा प्रवाह सुनिश्चित गर्ने, आर्थिक संकटका कारण व्यवसाय छाड्न बाध्य हुने अवस्थालाई रोक्न राहत र संरक्षणका कार्यक्रम ल्याउने प्रतिबद्धता जनाएको छ । साथै संघका सम्पूर्ण गतिविधिलाई डिजिटल प्रविधिमार्फत व्यवसायीको घर-पसलसम्म पुऱ्याउने र सदस्यहरूका लागि विशेष बीमा सुविधा उपलब्ध गराउने योजना अघि सारेको छ ।

श्रेष्ठ प्यानलले बर्दिबासलाई मधेश प्रदेशकै प्रमुख कृषि तथा व्यापारिक हबका रूपमा विकास गर्ने, अटो व्यवसायीका लागि 'अटो ल्यान्ड' निर्माण गर्ने तथा 'उज्यालो बर्दिबास' अभियानमार्फत बजार क्षेत्रलाई सीसीटीभीयुक्त बनाउने लक्ष्य लिएको छ । यस्तै, घरधनी र व्यवसायीबीचको सम्बन्धलाई सुदृढ बनाउने, स्थायी प्रदर्शनी स्थल निर्माण तथा रात्रिकालीन बजार सञ्चालन गर्ने, युवा लक्षित स्टार्टअप र स्वरोजगार कार्यक्रम अघि बढाउने प्रतिबद्धता पनि सार्वजनिक गरिएको छ ।

पर्यटन प्रवर्द्धन र सांस्कृतिक सम्पदा संरक्षण, व्यवसायीहरूका लागि कानुनी परामर्श सेवा तथा औद्योगिक ग्राम स्थापना पहल, तीनै तहका सरकारसँग समन्वय गरी नीतिगत समस्या समाधान गर्ने योजना समेत प्यानलले अघि सारेको छ ।

त्यसैगरी स्थानीय मिडियासँग सहकार्य गर्दै सूचना प्रवर्द्धन सुदृढ गर्ने, सम्पूर्ण व्यवसायीलाई एउटै छातामुनि गोलबद्ध गरी एकता कायम गर्ने र आगामी तीन वर्षभित्र 'व्यवसायी कल्याणकारी अक्षयकोष' स्थापना गर्ने प्रतिबद्धता पनि जनाइएको छ ।

उत्तमकुमार श्रेष्ठ प्यानलले आफ्नो प्रतिबद्धतामार्फत बर्दिबासको व्यापार, उद्योग र समग्र आर्थिक गतिविधिलाई दीर्घकालीन रूपमा सुदृढ बनाउने लक्ष्य लिएको जनाएको छ ।

## सशस्त्रका इन्स्पेक्टर घुससहित पक्राउ

**गौशाला, चैत्र २० गते ।** धनुषाको मिथिला नगरपालिका-१० लालगढबाट सशस्त्र प्रहरीका एक प्रहरी निरीक्षकलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगले ४० हजार घुस रकमसहित पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा सशस्त्र प्रहरी निरीक्षक वकिल अधिकारी रहेका छन् । अख्तियारको बर्दिवास कार्यालयका अनुसार कमला-ढल्केवर-बाग्मती सडक निर्माण आयोजनाअन्तर्गत माटो तथा ग्राभेल फिलिङ कार्य गरिरहेका एक ठेकेदारसँग घुस लिँदै गर्दा प्रहरी निरीक्षक अधिकारीलाई पक्राउ गरिएको हो ।

प्रहरी निरीक्षक अधिकारीले विभिन्न बहानामा निर्माणमा प्रयोग हुने सवारी साधन रोक्ने तथा काममा अनावश्यक बाधा गर्ने गरेको थियो । सो क्रममा ठेकेदारसँग रकम मागेको सूचनाका आधारमा अख्तियारको टोलीले प्रहरी निरीक्षक अधिकारीलाई घुस रकमसहित पक्राउ गरेको हो ।

उनीमाथि थप अनुसन्धान भइरहेको अख्तियारले जनाएको छ ।

## प्रधानमन्त्री बालेनको प्रेस तथा अनुसन्धान विज्ञमा दिपा

**द पब्लिक टुडे समाचारदाता**

*गौशाला, चैत्र २० गते ।*

प्रधानमन्त्री बालेन्द्र शाहको प्रेस तथा अनुसन्धान विज्ञ पदमा पत्रकार दिपा दाहाल नियुक्त भएकी छिन् । प्रधानमन्त्रीको सल्लाहाकार र सचिवालय व्यवस्थापन कार्यविधि, २०७४ बमोजिम उक्त पदमा दाहाललाई नियुक्त गरिएको हो ।

दुई दशकभन्दा लामो समयदेखि पत्रकारिता र प्राज्ञिक क्षेत्रमा सक्रिय दाहालले शुक्रबारदेखि आफनो कार्यभार सम्हालेकी छिन् । दाहालले प्रधानमन्त्री शाहको सञ्चार रणनीति, मिडिया र अनुसन्धानमा भूमिका निर्वाह गर्नेछिन् ।

भ्रष्टाचार नियन्त्रण, सुशासन र सामाजिक न्यायको क्षेत्रमा उनले पत्रकारिताको लामो अनुभवलाई सरकारको मुलधारमा जोड्न यो नियुक्ति गरिएको हो । दाहालसँग रेडियो, टेलिभिजन, छापा र अनलाइन विधामा २० वर्षभन्दा बढिको व्यवसायीक पत्रकारिताको अनुभव छ । उनले पछिल्लो समय उकालो डटकममा वरिष्ठ संवाददाताको रूपमा खोज पत्रकारिता गर्दै आएकी थिइन् ।

त्रिभुवन विश्वविद्यालय अन्तर्गतको पद्मकन्या बहुमुखी क्याम्पसमा विगत सात वर्षदेखि पत्रकारिता अध्यापन गर्दै आएकी दाहालले पत्रकारिता, सञ्चार सिप र मौलिक नेतृत्व (अथेन्टिक लिडरसिप) नेतृत्वको प्रशिक्षक छिन् ।

## बर्दिवास उद्योग वाणिज्य संघ

### निर्वाचन समितिको कार्यालय

बर्दिवास, महोत्तरी

### नवीकरण तथा निर्वाचन सम्बन्धी सूचना

उपरोक्त सम्बन्धमा यस बर्दिवास उद्योग वाणिज्य संघको मिति २०८२ साल चैत १७ गतेको निर्णयानुसार गठन भएको समितिले दिएको प्रतिवेदन, निर्वाचन समितिको पदाधिकारी तथा उम्मेदवारहरु बीच सर्वसम्मत भएको निर्णयानुसार यस संघका पूराना सम्पूर्ण सदस्यहरुलाई (नवीकरण छुट भएका तथा नवीकरण नगराउनु भएका दुवै) सदस्यहरुलाई आ आफनो स्थायी लेखा नम्बरको प्रमाणपत्र लिई स्वयम् उपस्थित भई यही मिति २०८२/१२/२० गते देखि २०८२/१२/२२ गते सम्म विहान ८:०० बजे देखि साँझ ५ बजे सम्म यस संघको कार्यालयमा आई सदस्यता नवीकरण गरीदिनु हुन सम्पूर्ण सदस्यज्यूहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

यस संघबाट प्रकाशित भएको सूचना बमोजिम नवीकरण छुट हुन गएमा सदस्य स्वयम् जिम्मेवार रहने व्यहोरा सबैमा जानकारी गराइन्छ ।

*अतः यस संघको पूर्व निर्धारित तालिका अनुसार नै यही मिति २०८२/१२/२४ गते निर्वाचन हुने व्यहोरा सबैमा जानकारी गराउँदछौं ।*

| स.निर्वाचन अधिकृत | स.निर्वाचन अधिकृत | मुख्य निर्वाचन अधिकृत |
|---|---|---|
| **राम कुमार कार्की** | **सन्तोष कुमार सिग्देल** | **विष्णु बहादुर कार्की** |

## कविता



# प्राकृतिक

***

**सुरुचि चौधरी**
जनता माध्यमिक विद्यालय गौरिडाँडा
बर्दिवास, महोत्तरी

वन सबै हरियो निलो छ आकाश
फूलको सुगन्ध, मिठो चराको आवाज
बहन्छ नदी गीत गुनगुनाउँदै
पहाड ठिङ्ग उभिएको छ मुस्कान सँगै।

घामले दिनमा उज्यालो बनाउँछ
चन्द्रमाले पनि रातलाई  सजाउँछ
वर्षाले जीवनलाई रस दिन्छ
प्रकृतिले प्राणीलाई सास दिन्छ।

हामी सबैले प्रकृतिलाई माया गरौँ
प्राकृतिक सौन्दर्यलाई जोगाई राखौँ
बेवास्ता गरे हुन्छ सबैमा बेफाइदा
संरक्षण गरौँ' सबको जीवन बन्छ काइदा।

## गजल



**कृष्ण पौडेल**
जनता माध्यमिक विद्यालय गौरिडाँडा
बर्दिवास, महोत्तरी

बिगतका पाना पल्टाउँदा आउँछ तिम्रो याद
एक्लै कोठामा टोलाउँदा आउँछ तिम्रो याद
आपसमा साट्ने गर्थ्यौं खुसीका ती क्षणहरू
कहिलेकाही एकोहोरिदा आउँछ तिम्रो याद।

बिर्सनलाई कति कोसिस गरेको छु मैले
झन्-झन् गाढा भइ सधैँ आउँछ तिम्रो याद
झरी बादल बस्ती उजाड जे जे भए पनि
आँखा चिम्ली बसे पनि आँउछ तिम्रो याद।

## कविता



# वर्तमान नेपाल

***

**सिम्रन कर्ण**
जनता माध्यमिक विद्यालय गौरिडाँडा
बर्दिवास, महोत्तरी

नेपाल आज पुल बिचमा उभिएको छ
एक छेउ इतिहास र अर्को छेउ भविष्यको आशा छ
जुन सडकमा धुलो नाचिरहन्छ
त्यहीँबाट विकासको भाषाण दिइरहन्छ।

कागजमा योजना लेखिन्छ चम्किला
यथार्थमा हुन्छ धैर्यको परीक्षा
छन् सपना युवाका आँखामा
अवसर नहुँदा जानुपर्ने विदेशमा।

किसान आकाश हेरिन्छ
सरकारले भाका फेरि रहन्छ
सहर जान मानिस हतारिएको छ
गाउँबस्ती मान्छेको पर्खाइमा छन्।

नेतामा राजनीति चलिरहेको छ
जनतामा अविश्वास बढिरहेको छ
तर पनि वर्तमान हार नमानौँ
यहीँबाट नेपालीको सुनौलो भविष्य लेखौँ ।

## कविता



# चारु

***

**सीता शर्मा पन्थी**
वीरगन्ज

मिलिजुली बनेको सरकार अन्ततः  ढलेको छ हेर
जनमानसको मनमा शान्तिको दियो बलेको छ हेर

सुशासन आउँछ भनी  फेरि आशामा छन् जनता पनि
खुसी हुँदै आपसमा कुरा गरी हात मलेको छ हेर

चलखेल र कुर्सीको आडमा  विश्वास सबै तोडीकन
धोका दिई झोले बनी हिड्नेहरू निकै  खलेको छ हेर

नेपाली जनताहरू पो हुन् कम बाठो छैनन्  अब
तिमीहरूलाई  मत किन दिने भन्दै छलेको छ हेर

समयको खेल पनि गजबको छ त्यसैले त होला
जलवायु परिवर्तन झैँ सरकार चलेको छ हेर।

## तीन मुक्तक



**नारदप्रसाद आचार्य**
संयुक्त राज्य अमेरिका

१)
डाक्टर अनि निर्दयी भ्रमरो उस्तै उस्तै लाग्छ
रोगीलाई फूल ठानी चुस्नुसम्म चुस्छ र भाग्छ
कता हरायो मानवता? किन चुलिन्छ स्वार्थ ?
सम्झीदा दिग्दारी बढ्छ, विरह मात्रै जाग्छ।

२)
नौ रङ्गको नव बहार बोकेर आयो रामनवमी
हर्ष र उमङ्गको शोभा पोखेर आयो रामनवमी
मन मन्दिरको बगैँचामा खुसीयाली छाएको छ
वसन्त यामको ढोका खोलेर आयो रामनवमी।

३)
अनमोल सृजना रत्नको मोल-तोल हुन्छ
कलम माथी हुतिहाराको गन्जा-गोल हुन्छ
के पो हुदैन र यो रंगीन दुनियाँमा साथी,
कागज र मसीको भविष्य डामा-डोल हुन्छ।

## कविता



# प्यारी आमा

***

**मनिता कुमारी राम**
जनता माध्यमिक विद्यालय गौरिडाँडा
बर्दिवास, महोत्तरी

समाजमा धेरै छन् प्रश्न गर्ने
आमा मात्र हुन् हाम्रो विश्वास गर्ने
सबै छन् अफठ्यारोमा साथ छोड्ने
आमा मात्र हुन् हरबखत हात समाउने।

अरुले घृणा र तिरस्कार गर्छन्
आमाले  हिम्मत र साहस भर्छन्
नामका आफन्तले धोका दिन्छन्
आमाले हरक्षण आशीर्वाद दिन्छिन्।

सूचना, समाचार र मनोरञ्जनका लागि
**सामुदायिक रेडियो दर्पण**
**८८.४ मेगाहर्ज**
**बिहान ५ बजेदेखि राति ११ बजेसम्म**
सम्पर्क नं : ९८१२०४८५६६, ९८६८८२१२९८

## कविता



# चिता बोल्छ चिहानमा

***

**नवलकिशोर महतो**
बर्दिवास, महोत्तरी

चिहानबाट आवाज आयो
हे नर भन के छ खबर
रूदै होलिन् आमा त्यो घरमा
सखारै तिमी जाउँ न घर।

चिहानको आवाज सुनी नर
चिहान मै चिच्याई करायो
स्वर त्रास गरी चिहानले
फेरी अर्को चिहान जगायो।

मानव हौ कि प्रेत हऊ तिमी
आई सुटुक्क मलाई बताउ।
मस्त निन्द्रामा थिएँ अहिले
जाउ घर मलाई नजगाउ।

सुनेर चिहानको आवाज
नरले गर्यो बात विस्तार।
थिएँ नर भएँ कि प्रेत ऐले
छु चिहानमा कसो जाउ घर।

हे मानव तिमीले यसरी
व्यर्थ मै भो उपहास नगर।
चन्तामा होलान् बाआमा तिम्रा
कैले छोरा फर्की आउलान् घर।

के उपहास गर्नु चिता भई
भन्छन् चिहानमा बसी नर।
मारिए जन विद्रोहमा कतै
आफै भन्नुस् कसरी जाउ घर।

विद्रोह गराउँछन् नेताहरु
यहाँ बचाउन गुण्डा तस्कर।
के चिहान खाली रहला अब
यहाँ छन् चिता कै लाम लस्कर।

किन लाग्यौ बौलाहाको पछि
भनि देऊ अरु के छ खबर।
जानी नजानी के गर्यौ तिमीले
मच्चियो यो देशमा विद्रोह।

अनपढ जिती जान्छन् संसद
बनाउँछन् भेडे सरकार।
भेडा भनी जन थरकाउछन्
यहाँ किन चर्किन्न र विद्रोह।

युद्धले परिवर्तन ल्याउँछ
देशले फेर्छन् नयाँ मुहार।
कोही आमाले रुनु नपरोस्
कसैको खाली नहोस् कोख घर।

## गजल



**शब्दको खेलाडी**

विकासको लागि चाहिने मुल जरा खोज्दै छु
एकता अनी सांस्कृतिक परम्परा खोज्दै छु॥

राजनीतिक दुर्गन्धले गनहाउँदै छ देशै भरि
स्वाभिमानले ठडिएको धरहरा खोज्दै छु॥


माटो हावापानी बोल्छन अस्तित्वको निम्ति
लेख्न भुलेका गजलका अन्तरा खोज्दै छु॥

प्रकृतिको काखमा उफ्रने मृग सावक सँगै
हिमाली छायाँ छाडी उडेका चरा खोज्दै छु॥

विश्वले आहा भन्ने स्वर्ग सरी नेपाल देशको
उजाडिएको वन पाखा हराभरा खोज्दै छु॥

# लोकसेवा परीक्षाको तयारी सामग्री

धीरेन्द्र कुमार महतो
प्रस्तुतकर्ता



१. भारतमा पहिलो पूर्ण डिजिटल (Paperless) जनगणना कहिलेदेखि सुरु भयो?
A) सन् २०२५ अप्रिल १
B) सन् २०२६ अप्रिल १
C) सन् २०२६ मार्च १
D) सन् २०२१ अप्रिल १
उत्तरः B) सन् २०२६ अप्रिल १

**भारतमा विश्वकै ठूलो डिजिटल जनगणना सुरु**

- **सुरुवात मितिः** अप्रिल १, २०२६ (चैत १८, २०८२)।
- यो विश्वकै सबैभन्दा ठूलो र भारतको पहिलो पूर्ण डिजिटल (Paperless) जनगणना हो। यसमा मोबाइल एप र वेब पोर्टलको प्रयोग गरिएको छ।
- **जनशक्तिः** करिब ३० लाखभन्दा बढी गणक तथा सुपरिवेक्षक (मुख्यगरी शिक्षक र सरकारी कर्मचारी) परिचालन।
- **ढिलाइको कारणः** सन् २०२१ मा हुनुपर्ने यो जनगणना कोभिड-१९ र अन्य प्राविधिक कारणले ५ वर्ष ढिला भएको हो।

२. प्रधानमन्त्री बालेन्द्र शाहको नियुक्ति र शपथ कहिले भयो ?



A) २०८२ फागुन २१ गते
B) २०८२ चैत १३ गते
C) २०८२ माघ ४ गते
D) २०८२ चैत ११ गते
उत्तर : B) २०८२ चैत १३ गते

**नेपालका ४७ औं प्रधानमन्त्रीः बालेन्द्र शाह (बालेन)**

- कति औं प्रधानमन्त्रीः ४७ औं (कार्यकालका आधारमा) र ४० औं (व्यक्तिका आधारमा)
- नियुक्ति तथा शपथः वि.सं. २०८२ चैत १३ गते (शुक्रबार), दिउँसो ठीक १२:३४ बजे
- संविधानको धाराः नेपालको संविधानको धारा ७६ को उपधारा (१) बमोजिम
- नियुक्ति गर्नेः राष्ट्रपति रामचन्द्र पौडेल
- सरकारको स्वरूपः राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को एकल सरकार (करिब २/३ बहुमत)
- निर्वाचन क्षेत्रः प्रतिनिधि सभा निर्वाचन (२०८२ फागुन २१) मा झापा-५ बाट विशाल मतान्तरसहित विजयी (पूर्व प्र.म. केपी शर्मा ओलीलाई पराजित गरेका)
- जन्मः २०४७ वैशाख १४
- शपथ ग्रहण समारोहको रोचक पक्षः ७ ब्राह्मणको शंखनादसहित १०८ बटुकले स्वस्तिक वाचन र १०७ बौद्ध लामाबाट स्वस्ति मंगल वाचन (इतिहासमै पहिलोपटक सनातन विधि र शुभ साइतमा)

**बालेन्द्र शाहले कायम गरेका कीर्तिमानहरूः**

- विश्वमै पहिलो र्यापर (सांगीतिक क्षेत्र) बाट प्रधानमन्त्री बन्ने व्यक्ति
- इन्जिनियर पृष्ठभूमिबाट र काठमाडौंको मेयर (२०७९ जेठ १६ - २०८२ माघ ४) बाट सिधै प्रधानमन्त्री बन्ने पहिलो व्यक्ति
- नेपालको संविधान जारी पश्चात् धारा ७६(१) अनुसार प्रधानमन्त्री बन्ने पहिलो
- ६ दशकपछि पहिलोपटक एकै दलले स्पष्ट बहुमत ल्याएर बनेको सरकारका प्रधानमन्त्री
- लोकतन्त्र पछिको सबैभन्दा कम उमेरका र विश्वमा बहाल रहेका सबैभन्दा कम उमेरका प्रधानमन्त्री
- मधेसी मूलको पहिलो प्रधानमन्त्री र पहिलोपटक संसद् छिर्नेबित्तिकै प्रधानमन्त्री बन्ने व्यक्ति
- परम्परागत दल (कांग्रेस, एमाले, माओवादी) बाहिरबाट आएको पहिलो शक्तिशाली प्रधानमन्त्री

**प्रतिनिधि सभा निर्वाचन र सांसदहरूको शपथ (२०८२)**

- निर्वाचन मितिः २०८२ फागुन २१ गते।
- कुल सांसदः २७५ जना (प्रत्यक्षः १६५, समानुपातिकः ११०)
- ज्येष्ठ सदस्यको शपथः अर्जुननरसिंह केसी (२०८२ चैत ११ गते)
- अन्य सांसदको शपथः २७४ जना (२०८२ चैत १२ गते)

**नयाँ मन्त्रीपरिषद् (चैत १३ मा गठित)**

| क्र.सं. | नाम थर | पद | कार्यविभाजन |
|---|---|---|---|
| १. | बालेन्द्र शाह | प्रधानमन्त्री | रक्षा; उद्योग, वाणिज्य तथा आपूर्ति |
| २. | डा. स्वर्णिम वाग्ले | मन्त्री | अर्थ |
| ३. | सुधन गुरुङ | मन्त्री | गृह |
| ४. | शिशिर खनाल | मन्त्री | परराष्ट्र |
| ५. | सुनिल लम्साल | मन्त्री | भौतिक पूर्वाधार तथा यातायात; सहरी विकास |
| ६. | विराजभक्त श्रेष्ठ | मन्त्री | ऊर्जा, जलस्रोत तथा सिँचाइ |
| ७. | खडक राज पौडेल | मन्त्री | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन |
| ८. | सस्मित पोखरेल | मन्त्री | शिक्षा, विज्ञान तथा प्रविधि; युवा तथा खेलकुद |
| ९. | निशा मेहता | मन्त्री | स्वास्थ्य तथा जनसङ्ख्या; खानेपानी |
| १०. | डा.विक्रम तिमिल्सिना | मन्त्री | सञ्चार तथा सूचना प्रविधि |
| ११. | प्रतिभा रावल | मन्त्री | सङ्घीय मामिला तथा सामान्य प्रशासन; भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण |
| १२. | सोविता गौतम | मन्त्री | कानुन, न्याय तथा संसदीय मामिला |
| १३. | गीता चौधरी | मन्त्री | कृषि तथा पशुपन्छी विकास; वन तथा वातावरण |
| १४. | दीपककुमार साह | मन्त्री | श्रम, रोजगार तथा सामाजिक सुरक्षा |
| १५. | सीता वादी | मन्त्री | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक |

३. प्रकाशमानसिंह राउतको अवकाशपछि सर्वोच्च अदालतको कायममुकायम (कामु) प्रधानन्यायाधीशको जिम्मेवारी कसले प्राप्त गर्नुभएको छ?
A) विश्वम्भरप्रसाद श्रेष्ठ
B) सुशीला कार्की
C) सपना प्रधान मल्ल
D) असिम शाह
उत्तरः C) सपना प्रधान मल्ल

**सर्वोच्च अदालतको कामु प्रधानन्यायाधीशमा सपना प्रधान मल्ल**

- ✓ सर्वोच्च अदालतकी वरिष्ठतम् न्यायाधीश सपना प्रधान मल्लले कायममुकायम (कामु) प्रधानन्यायाधीशको जिम्मेवारी सम्हालेकी छन्।
- ✓ निवर्तमान प्रधानन्यायाधीश प्रकाशमान सिंह राउत ६५ वर्ष उमेर हदका कारण २०८२ चैत १७ गते (मंगलबार) अनिवार्य अवकाशमा गएपछि मल्लले २०८२ चैत १८ गते (बुधबार) देखि अदालतको कमान्ड सम्हालेकी हुन्।
- ✓ सम्बन्धित निकायः सर्वोच्च अदालत, काठमाडौं।
- ✓ मल्ल नेपालको न्यायिक इतिहासमा सर्वोच्च अदालतको नेतृत्व गर्ने दोस्रो महिला न्यायाधीश बनेकी छन्। नयाँ प्रधानन्यायाधीश नियुक्त नहुन्जेलसम्म संवैधानिक परिषद्मा न्यायपालिकाको तर्फबाट उनले नै प्रतिनिधित्व गर्नेछिन्।
- ✓ कार्यकालः उनी २०८५ कात्तिक ३० गतेसम्म सर्वोच्च अदालतको सेवामा बहाल रहनेछिन् र यदि प्रधानन्यायाधीशमा नियुक्त भएमा झण्डै तीन वर्ष अदालतको नेतृत्व गर्नेछिन्।

४. एसईई (SEE) दिएर बसेका विद्यार्थीहरूका लागि सञ्चालन हुने ब्रिज कोर्समा कहिलेदेखि प्रतिबन्ध लगाउने निर्णय भएको छ?
क) २०८२ चैत १३ देखि
ख) २०८२ चैत १८ देखि
ग) २०८३ वैशाख १ देखि
घ) २०८३ जेठ १ देखि
उत्तरः ग) २०८३ वैशाख १ देखि

**प्रवेश परीक्षा तयारी कक्षा र ब्रिज कोर्समा प्रतिबन्ध**

- **लागु हुने मितिः** वैशाख १, २०८३ देखि
- **लक्षित समूहः** एसईई (SEE) दिएर बसेका विद्यार्थीहरू (कक्षा १० पछिका ब्रिज कोर्स)
- **कारणः** विद्यार्थीमा पर्ने मनोवैज्ञानिक दबाब, शिक्षामा समान पहुँचको अभाव र अभिभावकलाई पर्ने आर्थिक भार कम गर्न
- **निर्णय गर्ने निकायः** शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (मन्त्रीः सस्मित पोखरेल)। निर्णय मितिः चैत १३, २०८२

५. सन् २०२६ मा सुरु भएको आईपीएल (IPL) कतिऔं संस्करण हो?
क) १७ औं
ख) १८ औं
ग) १९ औं
घ) २० औं
उत्तरः ग) १९ औं

**आईपीएल (IPL) २०२६ सुरु**

- संस्करणः १९ औं संस्करण
- खेल अवधिः मार्च २८, २०२६ देखि मे ३१, २०२६ सम्म
- सहभागी टोलीः १० वटा फ्रेन्चाइजी टोली (समूह ए र बी मा विभाजित), जम्मा ७४ खेल
- साविक विजेताः रोयल च्यालेन्जर्स बेङ्गलोर (RCB)
- उद्घाटन खेलः मार्च २८ मा रोयल च्यालेन्जर्स बेङ्गलोर र सनराइजर्स हैदरावादबीच

६. शासकीय सुधारका लागि सार्वजनिक गरिएको सय कार्ययोजनामा कति दिनदेखि कति दिनसम्मको अवधि तोकेर काम गर्ने उल्लेख छ?
क) १ दिनदेखि १०० दिनसम्म
ख) ५ दिनदेखि १००० दिनसम्म
ग) १० दिनदेखि ५०० दिनसम्म
घ) १०० दिनदेखि १००० दिनसम्म
उत्तरः ख) ५ दिनदेखि १००० दिनसम्म

**शासकीय सुधारका लागि कार्ययोजना सार्वजनिक**

- सार्वजनिक मितिः २०८२ चैत्र १४ (निर्णय मितिः चैत्र १३)।
- उद्देश्यः मुलुकको प्रशासनिक, राजनीतिक र सेवा प्रवाहको क्षेत्रमा आमूल परिवर्तन गर्ने।
- विशेषताः कार्यसूचीमा ५ दिनदेखि १००० दिनसम्मको अवधि तोकेर विभिन्न काम गर्ने उल्लेख गरिएको छ।

७. नेपाल सरकारले कसको नेतृत्वमा संविधान संशोधनका लागि कार्यदल गठन गरेको छ?
क) सपना प्रधान मल्ल
ख) सस्मित पोखरेल
ग) प्रकाशमानसिंह राउत
घ) असिम शाह
उत्तरः घ) असिम शाह

**संविधान संशोधनका लागि कार्यदल गठन**

- निर्णय मितिः चैत १६, २०८२।
- नेतृत्वः प्रधानमन्त्रीका राजनीतिक सल्लाहकार असिम शाह।
- सदस्यहरूः संघीय संसदमा प्रतिनिधित्व गर्ने सबै राजनीतिक दलका प्रतिनिधिहरू।
- उद्देश्यः राष्ट्रिय सहमतिका आधारमा संविधान संशोधनका लागि आवश्यक बहसपत्र तयार पार्ने।

८. ६९औं राष्ट्रिय सहकारी दिवस, २०८२ को राष्ट्रिय नारा के तय गरिएको छ?
क) दिगो विकासका लागि सहकारी
ख) उद्यमशिलता र पारदर्शिता सहकारीको प्राथमिकता
ग) सहकारीमा सुशासन र प्रविधि
घ) समृद्धिका लागि सहकारी
उत्तरः ख) उद्यमशिलता र पारदर्शिता सहकारीको प्राथमिकता

**राष्ट्रिय सहकारी दिवस, २०८२ सम्बन्धी**

- मनाइने मितिः नेपालमा हरेक वर्ष चैत २० गते राष्ट्रिय सहकारी दिवस मनाइन्छ।
- यस वर्षको संस्करणः वि.सं. २०८२ मा ६९ औं राष्ट्रिय सहकारी दिवस मनाइएको।
- २०८२ को नाराः "उद्यमशिलता र पारदर्शिता सहकारीको प्राथमिकता"
- अन्तर्राष्ट्रिय सन्दर्भः संयुक्त राष्ट्रसंघले सन् २०२५ लाई 'अन्तर्राष्ट्रिय सहकारी वर्ष' को रुपमा मनाएको थियो।
- नेपालमा सहकारीको सुरुवातः वि.सं. २०१३ चैत २० गते चितवनमा 'बखानपुर ऋण सहकारी संस्था' को स्थापना भएसँगै नेपालमा सहकारी अभियानको औपचारिक सुरुवात भएको हो।

# निर्णय सच्चाउन तीन दिने अल्टिमेटम

द पब्लिक टुडे समाचारदाता

*गौशाला, चैत्र २० गते ।*

सरकारी सञ्चारमाध्यममा मात्र सरकारी सूचना प्रकाशन र प्रसारण गर्ने निर्णय सच्चाउन सरकारलाई नेपाल पत्रकार महासङ्घले तीन दिने अल्टिमेटम दिएको छ ।

शुक्रबार काठमाडौँमा सरोकारवालासँग छलफल गर्दै उक्त निर्णय सच्चाउन सरकारलाई तीन दिने अल्टिमेटम दिने निर्णय गरेको हो ।

छलफलमा सहभागीहरूले सरकारको उक्त कदम विभेदकारी भएको भन्दै तत्काल फिर्ता लिन माग गरेका थिए । छलफलमा पत्रकार महासङ्घका अध्यक्ष निर्मला शर्माले सरकारी सूचना प्रकाशन र प्रसारण निर्णयले सञ्चारमाध्यमलाई समस्या पर्ने भएकाले सच्चाउन माग गरिन् । उनले यस विषयमा वार्तालाई पनि सँगसँगै अघि बढाउने बताइन् ।

सरकारी संचारमाध्यममा मात्र सरकारी सूचना प्रकाशन र प्रसारण गर्ने भनी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट सङ्घीय मन्त्रालय, आयोग र सचिवालय, प्रदेश र स्थानीय तहहरूलाईसमेत जारी गरिएको परिपत्रको विरोधमा महासङ्घले सरोकारवालासँग छलफल गरेको थियो ।

# 'तर्साएर र धम्क्याएर नभएर संवादमार्फत राजस्व बढाउनुस्'

राष्ट्रिय समाचार समिति

*वीरगन्ज, चैत्र २० गते ।*



अर्थमन्त्री स्वर्णिम वाग्लेले राजस्वको लक्ष्यभन्दा धेरै रकम सङ्कलन गर्नेगरी काम गर्नका लागि वीरगन्ज भन्सारका कर्मचारीहरूलाई निर्देशन दिएका छन् । शुक्रवार वीरगन्ज भन्सार कार्यालयको निरीक्षण गर्दै अर्थमन्त्री वाग्लेले लक्ष्यअनुसारको राजश्व उठाउन पनि दबाब पर्ने भए तापनि संवादमार्फत नै राजस्वको लक्ष्यभन्दा धेरै रकम उठाउन अनुरोध गरे ।

'लक्ष्यअनुसार राजस्व उठाउनका लागि एउटा दबाब पनि पर्ने गर्छ। त्यतिबेला उद्योगी-व्यवसायीहरू मारमा पनि पर्ने गर्छन् । तर, उद्योगी व्यवसायीलाई धरपकड र छापा मार्नेभन्दा पनि फकाई-फकाई वा संवादबाटै राजस्व उठाउनेतर्फ अघि बढ्न निर्देश गर्दछु', उनले भने, 'घुसको लेनदेन हुने गरेका विभिन्न खालका गुनासाहरू पनि रहेका छन् । त्यस्ता गुनासालाई पनि अन्त्य गर्न जरुरी छ ।'

अर्थमन्त्री वाग्लेले राम्रो काम गर्नेलाई प्रशंसा/पुरस्कृत गर्ने र नराम्रो काम गर्नेलाई हतोत्साहित गर्ने नीतिअनुसार अघि बढ्ने प्रतिबद्धता व्यक्त गरे । 'सरकारको माथिल्लो तहबाटै सदाचारको नीति अघि बढ्ने भएकाले तल्लो तहमा पनि सो कायम गर्न जरुरी छ । त्यो कुरा यहाँहरूले पनि पालना गर्नुहोला', उनले भने, 'बजार अनुगमन त हामीले गर्नुपर्ने हुन्छ। तर, बजार अनुगमनको पनि दुरुप्रयोग हुनेतर्फ सचेत र सहज हुनका लागि अनुरोध गर्दछु ।'

अर्थमन्त्री वाग्लेले उद्योगी-व्यवसायीलाई तर्साएर र धम्क्याएर नभएर संवादमार्फत राजस्व उठाउने कार्यमा लाग्न अनुरोध गरे । 'कडाइ गरेर एक वर्ष त राजस्व धेरै उठाउन सकिएला तर, उद्योगी व्यवसाय गर्न नै हतोत्साहि हुने वातावरण भने बनाउने छैनौँ', उनले भने, 'राजस्वको लक्ष्य पूरा गरेको खण्डमा तपाईँहरू मेरो नोटिसमा आउनुहुनेछ। सरकारले हामीले जुन विराट लक्ष्य लिएका छौँ, त्यसलाई परिपूर्ति गर्न सकिनेछ ।'

अर्थमन्त्री वाग्लेले बदमासी गर्ने विरुद्धमा राज्य एकदमै निर्मम भएर अघि बढ्ने बताएका छन् । 'भ्रष्टाचारलाई मलजल गर्ने समूह र व्यक्तिहरूमाथि नेपालको मौजुदा कानुन कार्यान्वयन गरेर नै छाड्नेछौँ', उनले भने, 'अहिले हिजोजस्तो समय छैन । समयले अहिले काँचुली फेरेको छ । नयाँ चाल र लयलाई समात्नुपर्छ भन्ने छ। अब सेवाप्रवाहमा नयाँ अनुभव गर्न पाउनुपर्नेछ ।'

# मापदण्ड कायम गर्ने होटललाई स्तरोन्नतिको प्रमाणपत्र

राष्ट्रिय समाचार समिति

*जनकपुरधाम, चैत्र २० गते ।*

खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय जनकपुरधामले तोकेको मापदण्ड तथा खाद्य स्वच्छता कायम गर्ने १२ वटा विभिन्न होटल तथा रेष्टुरेन्टलाई स्तरोन्नतिको प्रमाणपत्र प्रदान गरेको छ । साथै ती होटल तथा रेष्टुरेन्टहरूले प्राप्त गरेको स्तरीकरणको प्राप्ताङ्क नम्बर एवं लोगोसहित हरियो स्टिकर प्रदान गरेको कार्यालय प्रमुख विमल दाहालले जानकारी दिए ।

यसरी स्तरोन्नतिको प्रमाणपत्र प्राप्त गर्ने होटलहरूमा मिथिला यात्री निवास जनकपुरधाम-६, होटल सुपा प्रालि जनकपुरधाम-९, जानकी स्टार होटल प्रालि जनकपुरधाम-८, होटल रामा प्रालि जनकपुरधाम-१, होटल अरिपन प्रालि जनकपुरधाम-२, अजन्नी सुइट प्रालि जनकपुरधाम-८, होटल सिटी पार्क जनकपुरधाम-९, होटल मिस्टिक मिथिला प्रालि जनकपुरधाम-२, होटल सीताशरण प्रालि जनकपुरधाम-२३, होटल वेलकम प्रालि जनकपुरधाम-२, मिथिला थाली प्रालि जनकपुरधाम-८ तथा मैथिल थाल प्रालि जनकपुरधाम-७ रहेको कार्यालयले जनाएको छ ।

धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलको नेतृत्वमा सहायक प्रमुख जिल्ला अधिकारी उमेश दाहाल एवं खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयका प्रमुख विमल दाहाललगायतका पदाधिकारीहरूको टोलीले ती होटललाई स्तरोन्नतिको प्रमाणपत्र प्रदान गरेको थियो ।

साथै ती होटलका रेष्टुरेन्टमा हरियो स्टिकर टाँस गरिएको बताइएको छ । सो टोलीले होटलहरूका रेष्टुरेन्ट तथा भान्सा कोठाहरूको अनुगमन तथा निरीक्षणका साथै सरसफाइबारे जानकारी लिएको थियो ।

खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको होटलका रेष्टुरेन्ट स्तरीकरण गर्नेसम्बन्धी निर्देशिका, २०७४ को अनुसूची १ को खाद्य स्वच्छताका आधारमा आवश्यक अनुगमन निरीक्षणपश्चात ती होटलको स्तरीकरण मूल्याङ्कन गरिएको थियो ।

# किशोरी बेपत्ता पारेको आरोपमा एक पक्राउ

द पब्लिक टुडे समाचारदाता

*गौशाला, चैत्र २० गते ।*

सप्तरी प्रहरीले ललाई-फकाई किशोरीलाई बेपत्ता पारेको आरोपमा एक युवक पक्राउ परेका छन् । जिल्लाको बोदेबर्साइन नगरपालिकाकी १४ वर्षीया स्मृतिकुमारी मण्डललाई ललाई-फकाई बेपत्ता पारेको आरोपमा सोही नगरपालिका-९ का २१ वर्षीय चन्दन दास पक्राउ परेका हुन् ।

सप्तरी प्रहरीका अनुसार गत भदौ २ गते महेन्द्र चुनी माध्यमिक विद्यालय मानराजामा परीक्षा दिएर घर फर्किन लागेकी मण्डललाई विभिन्न प्रलोभन देखाएर बेपत्ता पारेको आरोप चन्दनमाथि छ । यस्तै उक्त प्रकरणमा कञ्चनकुमारी दास, राजवृक्ष दास र सुरेन्द्र दाससमेतको संलग्नता रहेको प्रहरीले जनाएको छ ।

घटनापछि फरार रहेका चन्दनलाई बिहीबार बिहान सुरुङ्गा नगरपालिका-६ बाट पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायव उपरीक्षक डम्बरबहादुर पुरीले बताए ।

पक्राउ परेका दासलाई व्यक्ति बेपत्ता पारेको सम्बन्धी कसुरमा जिल्ला अदालतबाट सात दिनको म्याद थप गरेर अनुसन्धान भइरहेको सप्तरी प्रहरीले जनाएको छ ।

# नयाँ शैक्षिकसत्र सुरु भएपछि मात्र भर्ना लिनु : सर्वोच्च

राष्ट्रिय समाचार समिति

*काठमाडौं, चैत्र २० गते ।*





सर्वोच्च अदालतले शैक्षिकसत्र सुरु भएपछि मात्रै विद्यालयहरुमा नयाँ भर्ना लिन अन्तरिम आदेश दिएको छ । विद्यार्थीको वार्षिक परीक्षाको परीक्षाफल प्रकाशित नभएको र शैक्षिक सत्र सुरु नभएको तथा शिक्षा नियमावली, २०५९ को नियम ७८ (१) (ग) बमोजिम लब्धाङ्कपत्रलगायत आवश्यक सक्कल प्रमाणपत्रसमेत प्राप्त नभएको अवस्थामा विद्यालयहरूले भर्नाको सूचना प्रकाशन नगर्न आदेश दिइएको हो ।

न्यायाधीश बालकृष्ण ढकालको एकल इजलासले शिक्षा नियमावली, २०५९ अनुसार शैक्षिक सुरु भएपछि विद्यार्थी भर्ना प्रक्रिया संचालन गर्नुपर्ने आदेश दिएको हो । हरेक वर्ष वैशाख २ गतेदखि नयाँ शैक्षिक सत्र सुरु हुन्छ ।

आदेशमा परीक्षा नतिजा, शैक्षिक सत्र र आवश्यक प्रमाणपत्रबीच समन्वय कायम गर्नुपर्ने उल्लेख गरिएको छ । अदालतले सम्बन्धित निकायलाई प्रचलित कानुनअनुसार कार्य गर्न निर्देशन दिँदै विपक्षीलाई १५ दिनभित्र लिखित जवाफ पेस गर्न आदेश दिएको छ ।

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय तथा शिक्षा विकास तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी भक्तपुरद्वारा यही चैत ५ गते प्रकाशित सूचनामा वार्षिक परीक्षा सम्पन्न गरी नतिजा प्रकाशन पश्चात नयाँ शैक्षिक सत्र २०८३ सुरु भएपछि मात्रै भर्ना कार्यक्रम संचालन गर्न निर्देशन दिइएको थियो । तर, उक्त निर्देशनविपरीत हालै विभिन्न छापा तथा विद्युतीय सञ्चार माध्यममार्फत विद्यार्थी भर्नाका सूचना प्रकाशित भएको पाइएको अदालतको आदेशमा उल्लेख छ ।


खर्गा दाँत उपचार केन्द्र
अव काठमाडौँ जानु नपर्ने
डा.गंगाराम खर्गा
वरिष्ठ डेन्टल सर्जन
BDS (Bangladesh), PGD(Japan), MPH(USA, Dhaka)
➢ हामी कहाँ नै किन ? आधुनिक जापनीज मेसिनबाट दाँत सफा गर्ने, नदुखाईकन दाँत निकाल्ने, किराले खाएको, भाँचिएको, खिएको दाँतमा उपयुक्त स्थाई/अस्थायी सिमेन्ट, सिसा र चाँदी भर्ने, दाँतको खोल (Crown) तथा सुनको खोल बनाउने, बाङ्गो टेढो, नमिलेको, खप्टिएको र छिचारु भएको दाँतलाई तार लगाएर (Ortho) मिलाइने, मुख भित्र घाँउ, खटिरा आउने गिजा सुनिने, रगत आईरहने, मुख गन्हाउने र दन्त हर्षा जस्ता रोगको उपचार गरिनुका साथै दाँत जराबाट (RCT) भर्ने, दाँतको X-ray गरिने ।
यहाँ, सबै खाले दाँतको उपचार गरिन्छ ।
डाक्टर भेटने समय: प्रत्येक दिन विहान ९ बजेदेखि साँझ ५ बजेसम्म ।
खर्गा दाँत उपचार केन्द्र
सिन्धुलीरोड, लुम्बिनि हार्डवेयरसँग टाँसिएको घरको माथिल्लो तल्लामा, बर्दिवास, महोत्तरी, ☎ ९८४४३१२२४६




पब्लिक टुडे पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित, कार्यालय : गौशाला न.पा.-१, महोत्तरी, सम्पर्क कार्यालय : जनकपुरधाम उपमहानगरपालिका-१३, धनुषा
Email: thepublictoday2070@gmail.com, मुद्रण :- न्यू क्वालिटी अफसेट प्रिन्टर्स, जनकपुरधाम, अध्यक्ष : रामनारायण महतो, ९८४४०३७१९८, सम्पादक: सन्तकुमार क्षेत्री